# २. प्रजातन्त्र, नेपाली मिडिया र जातीय प्रतिनिधित्व

- सी.के. लाल

प्रतिनिधित्वको चर्चा हुनासाथ प्रजातन्त्र स्वतः देखिन्छ। गैरप्रजातान्त्रिक शासन व्यवस्थाहरुमा जातीय उपस्थिति भए पनि त्यसलाई प्रतिनिधित्व मान्न सकिँदैन। शासकप्रतिको भक्ति र समर्पण, शासकहरुको अनौठोप्रतिको रुचि वा जातीय विविधतालाई साङ्केतिक रुपमा स्वीकार गरेर शासकीय अधिकार बलियो बनाउने चालका रुपमा कहिलेकाहीँ गैरप्रजातान्त्रिक राजनीतिक व्यवस्थामा समेत प्रतीकात्मक जातीय उपस्थिति शासकीय संरचनामा नदेखिने होइन। तर तिनको उपयोगिता प्रतीकात्मक हुन्छ। बस त्यत्ति।

प्रतीकहरुले अलिकति ढाडस दिन्छन्। त्यो भन्ने हो। जनजाति प्रधानमन्त्री, मधेसी जर्नेल, दलित प्रधानन्यायाधीश वा महिला मूल पुरोहित अकल्पनीय किन लाग्दछ भने तिनलाई त्यहाँसम्म पुऱ्याउने प्रतीकहरु देखिएका छैनन्। जनजाति मन्त्री, मधेसी सेनाको जवान, दलित न्यायाधीश एवं महिला पुरोहित देख्न पाए पो आकाङ्क्षाले उडान भर्छ। त्यो नभएसम्म कल्पनाशक्तिले उड्ने बाटो नै ठम्याउन सक्दैन। गैर-प्रजातान्त्रिक व्यवस्थाहरुमा आत्मसम्मानको सम्बल बन्न पुग्दछ जातीय प्रतीक।

प्रजातन्त्रको कुरा भने अलि बेग्लै हो। बहुमतद्वारा अल्पमतको कदर गर्दै बनाइएको सरकारमाथि सबैको समान हक हुन्छ। प्रजातन्त्रका प्रतीकहरु सबैका साझा हुन्। सामाजिक सहमति हो प्रजातन्त्र। र, त्यस्तो सहमति निर्माणमा सम्भ्रान्त देखि सर्वहारासम्म सबै उत्तिकै जवाफदेही हुन्छन्। त्यसैले होला, प्रजातन्त्रले सम्भावनाहरुलाई विस्तारित गरिदिन्छ। दबाइएका, उत्पीडित र शोषितहरु दया होइन हक खोज्न थाल्दछन् प्रजातन्त्रमा।

हक खोज्नेहरुको मागलाई संस्थापनले दुई प्रकारले व्यवस्थित गर्न खोज्दछ। पहिलो रणनीतिअन्तर्गत शोषक समुदाय नै शोषितहरुको भाखा बोल्न थाल्दछ। यस्तो भएपछि अलमलिन्छन् शोषितहरु एवं तिनको संगठन क्षमतामा ह्रास आउँछ। दोस्रो रणनीति हुन्छ हक माग्ने जतिलाई विखण्डनवादी घोषणा गर्नु। अझ त्यतिले नपुगेर शोषितहरुको नेतृत्व वर्गलाई बदनाम गराउनसमेत पछि पर्दैन संस्थापन। प्रजातन्त्रमा यस्ता खेलहरु हुनु हुँदैन भन्नु बेग्लै कुरा हो। तर, हुन्छन् यस्ता खेलहरु भन्ने वास्तविकतालाई बेवास्ता गर्न सकिँदैन। मिडिया मूलतः समाजको शक्तिशाली वर्गलाई प्रतिविम्बित गर्ने भएको हुँदा सामाजिक संघर्षमा स्वभावतः त्यो उत्पीडितहरुका पक्षमा छैन। फेसनका लागि अपेक्षाकृत निरपराध मुद्दाहरु जस्तो कि छुवाछुतको विरोध- उठाउन तुरुन्तै तम्सिन्छन्। तर जब आर्थिक स्रोतको पुनर्वितरण वा सामाजिक शक्ति सन्तुलनलाई पुनर्परिभाषित गर्ने सवाल आउँछ- जस्तो कि आरक्षण वा विशेष नियुक्ति- ती

हच्किहाल्छन्।

जातीय प्रतिनिधित्व

सामाजिक संस्थापन एवं राज्य संरचनाका अन्य तीन अ·हरु (कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिका) मा जस्तै नेपाली मिडियामा पनि हिन्दू, नेपालीभाषी बाहुनवादी ( हीनभाव) सम्भ्रान्तहरुको कठोर पकड अहिलेसम्म कायम छ। हीनभाव सम्भ्रान्तहरुको यस्तो नियन्त्रणलाई तीनवटा कुराहरुलाई आधार बनाएर निरन्तरता दिन खोजिन्छ।

पहिलो निहुँ हुने गर्दछ समानताको। "अवसर उपलब्ध छ, आऊ लड र लेऊ।'' गर्जिन्छन् हीनभाव सम्भ्रान्तहरु। यो हाँक भने चितुवाले बाखालाई ललकारेजस्तै हो। असमानहरुका बीच समानता ल्याउन कमजोरहरुलाई विशेष सुविधा नदिईकन हुँदैन। प्रजातन्त्र यदि निर्धन, निर्धो र निर्बलको अन्त्योदयका लागि हो भने यस्तो विशेष सुविधाको व्यवस्था अ·ीकार गर्नै पर्दछ।

जातीय प्रतिनिधित्व नियन्त्रण गर्ने दोस्रो षड्यन्त्रको नाउँ हो विशिष्टता र दक्षता। दक्ष व्यक्ति चाहिन्छ, जातीय सन्तुलन जेसुकै होस् भन्नेहरु परोक्षरुपले जातीय असमानतालाई निरन्तरता दिइरहेका हुन्छन्। न्यूनतम सक्षमताका आधारमा जातीय सन्तुलन कायम गरेर उत्पीडित समूहहरुको दक्षता विकास गर्दै लैजाने कुरा नबुझेका कहाँ हुन् र हीनभाव सम्भ्रान्तहरुले? नबुझेको जस्तो गरेमा तिनको हित हुने हुँदा त्यस्तो गरेका मात्र हुन्।

व्यावहारिक कठिनाइ तेस्रो र सबभन्दा प्रभावकारी अस्त्र हो यथास्थितिलाई निरन्तरता दिन खोज्नेहरुको। यो यस्तो निर्विकार निहुँ हो कि यसको कुनै काट नै छैन। मधेसीको नेपाली शुद्ध हुँदैन, जनजातिको उच्चारण मिल्दैन- स्तर निर्धारण गर्ने अधिकार भएपछि के भो रङ आफ्नो स्वार्थसँग मिल्नेगरी त्यसलाई जसरी परिभाषित गरे पनि भयो।

तर प्रजातान्त्रिक व्यवस्थाको खुलापनले यस्ता हतियारहरुलाई भुत्ते बनाउने सामर्थ्य राख्दछ। ढिलो-चाँडो भन्ने प्रक्रियागत कुरा हो। मूलधारका मिडियामा छिर्न नसकेका उत्पीडितहरु अहिले वैकल्पिक मिडियामा ठाउँ खोज्दैछन्। भोलि तिनले आफूलाई मूलधारमासमेत स्थापित गर्ने पक्का छ।

निजी क्षेत्रका मिडियाभन्दा सरकारी मिडिया सामाजिक न्यायप्रति बढी संवेदनशील हुन्छन् (तिनको नियन्त्रण राजनीतिक हुने हुँदा), तर त्यस्तो अवस्था आइपुग्नु अघि नै प्रजातन्त्रको पुर्नस्थापनाकालदेखि निजीकरणको हल्लासमेत सुरु भएको हुँदा नेपालका सरकारी मिडियामा समेत यथेष्ट जातीय प्रतिनिधित्व भेटिँदैन।

प्रतिनिधित्वको खाँचो

जातीय प्रतिनिधित्व समानुपातिक नभएर के भो र, तिनका समस्याहरु मिडियामा आए भइहाल्यो नि भन्ने मान्यता राख्नेहरुको कमी छैन नेपाली मिडियामा। यसो हेर्दा त हो पनि। तर यस तर्कभित्र यथास्थितिको निरन्तरताको चाहना लुकेको छ। दलितसम्बन्धी गैरदलितहरुद्वारा लेखिएका ( अपवादबाहेक) समाचार एवं फिचरहरु केलाउँदा थाहा हुन्छः ती अहिले पनि त्यही कुराहरु उठाइरहेका छन् जुन कुरा २०१९ सालको मुलुकी ऐनले उहिले औपचारिक रुपमा स्वीकार गरिसकेको हो। संवैधानिक अधिकारबाट बञ्चित गरिएका कुराहरु उठेका छन्। तर संविधानले स्वीकार गर्न नसकेका जातीय चाहनाका कुराहरु मिडियामा उठ्दैनन्, किनभने त्यहाँ समुचित जातीय प्रतिनिधित्व छैन।

सार्वजनिक स्रोतहरुको न्यायसङ्गत पुनर्वितरणका मुद्दाहरुबारे जातीय प्रतिनिधित्व बेगर मिडिया सक्रियता सम्भव छैन। हालसालैको नागरिकता विधेयककै कुरा लिऊँ। राष्ट्रिय मिडियामा मधेसीहरुको उल्लेख्य उपस्थिति भइदिएको भए बहसको दिशा बेग्लै भएर यसको भाग्य बेग्लै पो हुन्थ्यो कि? दलितहरु राष्ट्रिय मिडियामा प्रभावशाली भइ दिएका भए निजी क्षेत्रका कामदारहरुको भर्नामा अघोषित दलित निषेध नीतिबारे चर्चा-परिचर्चा हुन्थ्यो कि? अलि कलहकारी (पोलेमिकल) भाषामा भन्ने हो भने हीनभाव सम्भ्रान्तले कमजोर जातीय समूहहरुका बारे मुद्दाहरु उठाउँदा जहिले पनि तिरष्कारपूर्ण संरक्षण (पेट्रोनाइजिङ) पारामा प्रस्तुत हुने गर्दछन्। यस्तो ढाँग जति धेरै भए पनि सामाजिक परिवर्तनको दिशामा तात्त्विक भिन्नता खासै आउँदैन।

जातीय समूहहरुका पीडा, वेदना र संकट तथा तिनका खुसी, चाहना एवं विश्वासका कुराहरु राष्ट्रिय परिदृश्यमा आउन तिनको समानुपातिक प्रतिनिधित्व हुनै पर्छ राष्ट्रिय मिडियामा। जतिसुकै सहानुभूतिपूर्ण भए पनि खुकुरीले अचानोको चोट बोल्न सक्दैन। अचानो स्वयं रुन, बोल्न र नाच्न पाउनु पर्दछ।

त्यसका साथै समानुपातिक जातीय प्रतिनिधित्व चाहिने सबभन्दा बलियो कारण हो- हीनभाव सम्भ्रान्तको सद्भावमा निरन्तरता। जातीय समूहबाट आएका सहकर्मीहरुसँगको अन्तरक्रिया हीनभाव सम्भ्रान्तहरुका लागि सबभन्दा प्रभावशाली अभिमुखीकरणको उपाय हो। राष्ट्रिय मूलधारका मिडियामा जातीय समूहहरुको जति-जति प्रतिनिधित्व बढ्दै जान्छ, त्यति नै तिनको सामूहिक आवाज प्रजातान्त्रिक एवं परिवर्तनकारी बन्दै जान्छ।

उपायको खोज

जातीय प्रतिनिधित्व बढाउने उपायहरु भने तात्कालिक प्रकृतिका कुनै पनि छैनन्। प्रजातन्त्रको जतिसुकै दुहाइ दिइए तापनि कठोर वास्तविकता के हो भने समाजका सम्भ्रान्तहरुले आफ्नो नियन्त्रण सजिलै खुकुलो कहिले पनि हुन दिँदैनन्। जातीय जुझारुहरुले जेसुकै नारा लगाउन्, शक्तिशाली र कमजोर समूहहरुका बीचको

शक्तिसंघर्ष भिडन्तमा आधारित भयो भने सम्भ्रान्तहरु नोक्सानमा पर्दैनन्। त्यसैले सन्मुख संग्राम समाधान होइन। संघर्षका स्वरुपहरु दीर्घकालीन रणनीतिद्वारा निर्देशित हुनु पर्दछ।

क्षमता विकासको नारा आकर्षक छ, तर कार्यान्वयन कठिन। क्षमता विकास शैक्षिक, व्यावहारिक, सैद्धान्तिक एवं कार्यमूलक सबै थरी हुनु पर्दछ। जातीय समूहहरुमध्येबाट पत्रकारितामा रुचि भएकाहरुको पहिचान गरेर तिनको क्षमता विकासमा लगानी गर्नु प्रजातन्त्र सुदृढीकरणमा चासो राख्ने सरकार, नागरिक समाज एवं दाता समूहहरु सबैको दायित्व हो। 'चौथो अङ्ग' भनिने मिडियामा समानुपातिक एवं न्यायसङ्गत जातीय प्रतिनिधित्वको अभावमा प्रजातन्त्र संस्थागत हुन सक्दैन।

जातीय प्रतिनिधित्व दर्शाउने संचारकर्मीहरुलाई प्रोत्साहन एवं मान्यता प्रदान गरेर नयाँ प्रतिभाहरुलाई आकर्षित गर्न सकिन्छ। स्थापित प्रतीकहरुको सकारात्मक प्रयोगबाट सम्भ्रान्तहरु चिढिदैनन् एवं भिडन्तको खतरा बेगर नै प्रतिनिधित्व बढाउन सकिने सम्भावना उत्पन्न हुन्छ।

आरक्षण भन्ने शब्द सुन्नासाथ सम्भ्रान्तहरु बिच्किने हुँदा यसलाई सकारात्मक क्रियाशीलता, विशेष भर्ती वा न्यायसङ्गत अवसर (समान अवसरको साटो) का नाममा भए पनि जातीय प्रतिनिधित्व बढाउने माग उठ्नु पर्दछ अब। जातीय संघसंस्थाहरु, गैरसरकारी जुझारुहरु एवं राजनीतिकर्मीहरुले यो मुद्दा सशक्त भएर उठाए भने मिडिया-मालिकहरु संवेदनशील हुन वाध्य हुने छन्।

आशाको झीनो किरण नदेखिएको भने होइन। प्रजातान्त्रिक खुलापनले गर्दा नै हो जातीय प्रतिनिधित्वको प्रश्न उठ्न सुरु भएको। प्रजातन्त्रमा सहमति एवं समन्वयको ठूलो महत्त्व हुने हुँदा सामाजिक सम्मान दिगो राख्न समेत सम्भ्रान्तहरुले आफ्नो कठोर नियन्त्रणलाई खुकुलो पार्दै लैजानु पर्ने हुन्छ। मिडिया क्षेत्रमा इमेजको ठूलो महत्त्व हुने हुँदा प्रजातान्त्रिक देखिने बाध्यताले गर्दा पनि मिडिया मालिकहरु जातीय प्रतिनिधित्व प्रति संवेदनशील हुनै पर्ने हुन्छ।

सामाजिक सन्तुलनका साथ परिवर्तनका लागि न्यायसङ्गत जातीय प्रतिनिधित्व अपरिहार्य हुने हुँदा यसको आवश्यकताबारे सबै क्षेत्रबाट आवाज उठ्नु पर्दछ। समग्र समाजको दीर्घकालीन हितसँग सम्भ्रान्तहरुको हित समेत गाँसिएको हुँदा न्यायसङ्गत जातीय प्रतिनिधित्वको मागलाई हमलाको रुपमा लिएर प्रतिरक्षात्मक रणनीति अख्तियार गर्नु भन्दा चुनौतीको रुपमा स्वीकार गरेर समन्वयात्मक पाइलाहरु चाल्न बढी उपयुक्त हुनेछ, सम्भ्रान्तहरुका लागि।

सबभन्दा ठूलो चुनौती संचारकर्मीहरुकै सामुन्ने हो– जातीय प्रतिनिधित्वलाई बढावा दिएर संबाद प्रक्रियालाई बढावा दिने कि सँधैभर समाचार/विचार संप्रेषणमात्र गरेर बसि रहने? प्रजातन्त्रलाई सुदृढ बनाउँदै लैजान चाहनेहरु संबाद बढाउने ध्येयप्रति समर्पित छन्/रहिरहने छन् भन्ने कुरामा शङ्का उठाइनु हुन्न। कामना गर्ने भनेको संचारकर्मीहरु माझ संबादकर्मीहरुको संख्या बढ्दै जाओस् भन्ने सम्म हो।

●